दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २९ | बुटवल | २०८१ माघ १०, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Jan 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**सडक दुर्घटनाबाट बचौ र बचाऔं**

-जेब्राक्रसिङ सडक चिन्ह र ट्राफिक नियमहरुको पालना गरौं ।
-मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं ।
-नियमित सवारी साधनको जाँच गरौं ।
-मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं ।
-सवारी साधन चलाउँदा मोबाइल प्रयोग नगरौं ।
-ट्राफिक व्यवस्थापनमा सहयोग गरौं ।
-बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## २५४ केजी गाँजासहित एक भारतीय पक्राउ



नवलपुर । नवलपुरमा सशस्त्र प्रहरीको टोलीले बुधबार २५४ केजी गाँजासहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

नवलपुरको गैंडाकोट नगरपालिका- १० पितौजीमा नेपालबाट भारततर्फ जाँदै गरेको जेएच ०२ यू ७०६० नम्बरको भारतीय ट्रकमा लुकाइछिपाई राखेको २० प्याकेट (२५४ किलो ५४ ग्राम) गाँजा बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गुल्म पितौजीले जनाएको छ ।

भारतको उत्तर प्रदेश जिल्ला अलिगण विजयगण गाउँ बस्ने ४० वर्षका पुष्कल यादवलाई पनि सशस्त्रले पक्राउ गरेको छ । बरामद गाँजासहित ट्रक र चालकलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय नवलपुरमा राखिएको छ ।

पक्राउ परेकालाई नवलपुर जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए ।

## विद्यार्थीलाई यौन दुर्व्यवहार गर्ने पक्राउ

नवलपुर । नवलपुरको कावासोतीमा विद्यार्थी (बालक) माथि यौन दुर्व्यवहार गर्ने एक जना शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार कावासोती नगरपालिका ८ स्याउली बस्ने वर्ष २८ का वीरबहादुर के.सी.ले ट्यूसन पढाउने क्रममा १ जना विद्यार्थी (बालक) लाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ गरेको हो ।

उनको विरुद्ध किटानी जाहेरी परेको र आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए ।

पक्राउ परेका ढकाललाई नवलपुर जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान गरिएको प्रहरीले जनाएको छ ।

### सुप्रिम सहकारी प्रकरण

# रविलाई निकिताको जिम्मा, थुनछेक बहस आज हुने



**लुम्बिनी संवाददाता**
*बुटवल*

रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने हाजिरी जमानीमा रिहा भएका छन् ।

रूपन्देही जिल्ला अदालतका न्यायाधीश पल्हादकुमार योगीको इजलासले लामिछानेलाई बिहीबार(आज)उपस्थित हुने सर्तमा पत्नी निकिता र कानुन व्यवसायीको जिम्मा लगाउन आदेश दिएको हो ।

बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलनसम्बन्धी मुद्दामा बुधबार रविको बयान सकिएको छ ।

थुनछेक आदेश दिन नभ्याएकाले बिहीबार १० बजे अदालतमा उपस्थित गराउने गरी उनका कानुन व्यवसायी र श्रीमती निकिता पौडेल लामिछानेलाई जिम्मा लगाउने आदेश भएको अदालतका श्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए । लामिछाने मंगलबार भैरहवा आई बुधबार अदालतमा उपस्थित भएका हुन् ।

इलाका प्रहरी कार्यालय बुटवलको पूरक अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालयले दर्जन बढी तथ्य र प्रमाणसहित रवि लामिछाने, छविलाल जोशीसहित पूरकमा १४ र सुरु मुद्दाका ८ सहित २२ जनाविरुद्ध सहकारी ठगी र संगठित अपराधको कसुरमा पूरक मुद्दा दायर गरेको थियो ।

यसअघि काठमाडौं जिल्ला अदालतले भने उनलाई परिवार र कानुन व्यवसायीको जिम्मा लगाउन अस्वीकार गरेको थियो । रविले काठमाडौं जिल्ला अदालतमा पनि आफूलाई हिरासतबाहिरै बसेर मुद्दाको प्रक्रियामा सहभागी हुने सुविधाका लागि याचना गरेका थिए ।

रूपन्देही अदालतमा पनि उनले इजलासमा यही याचना गरेका थिए । उनको मागअनुसारै इजलासले बिहान १० बजे अदालतमा उपस्थित हुने सर्तमा हिरासत बस्नु नपर्ने गरी बाहिरै बस्ने सुविधा दिएको हो ।

गएको आइतबार लामिछानेसहित २२ जनालाई प्रतिवादी बनाएर सुप्रिम सहकारी ठगी प्रकरणमा अदालतमा पूरक अभियोगपत्र दर्ता गरिएको थियो । पूरक अभियोगमा ५५ करोड ५९ लाख ८३ हजार ८४२ रुपैयाँ बिगो कायम गरिएको छ ।

दोस्रो चरणको अनुसन्धानपछि पहिलो चरणमा प्रतिवादी बनाइएकाहरूलाई पनि कसुर र बिगो थप गरेर प्रतिवादी बनाइएको छ ।

कुमार रम्तेल, शिवबहादुर गुरुङ, छविलाल जोशी, रवि लामिछाने, लक्ष्मीप्रसाद पौडेल, दिपक लामा, अनन्तबाबु राई, श्रीवल्लभ नेपाल, शिवप्रसाद पौडेल, वीरबहादुर रानाभाट, विशाल तामाङ, रविना रिमाल, भगवती बम्जन, विज्ञान राई, नरेश जिसी, गितेन्द्रबाबु राई, भुपेन्द्र राई, देवेन्द्रबाबु राई, सागर केसी, नवीन अछामी, असरफ अलि सिद्दिकी र हेमन्त अधिकारीलाई प्रतिवादी छन् ।

तर यीमध्ये दुई जनाबाहेक सबै फरार छन् । दुई जना जिल्ला कारागार कास्कीमा छन् ।

रविलाई गोर्खा मिडियामा जाँदा लिएको सेयरको २ करोड र गोर्खा मिडियामा सहकारीबाट लगिएको १० करोड ९९ लाख रुपैयाँमा बिगो भराउनु पर्ने सरकारी वकिलको माग दाबी रहेको छ। यो सबै गर्दा उनको नाममा साढे ४ करोडजति बिगो कायम हुन आउँछ।

यसअघि उनी पोखराको सूर्यदर्शन सहकारी र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीमा धरौटी बुझाएर रिहा भएका थिए । रविले पोखरामा ६५ लाख र काठमाडौंमा ६० लाख धरौटी बुझाएका थिए।

२२ जनाविरुद्ध ५५ करोड ५९ लाख ८३ हजार रुपैयाँ बिगो दाबी गरिएको छ । लामिछानेविरुद्ध २ करोड व्यक्तिगत बिगो तोकिएको छ। सामूहिकतर्फ १० करोड ९९ लाख रुपैयाँको छुट्टै बिगो माग गरिएको छ।

# रूपन्देहीमा ५८ हजारलाई एचपिभी खोप लगाइदै



**लुम्बिनी संवाददाता**
*भैरहवा*

रूपन्देहीका ५८ हजार ८ सय ९८ जना बालिकाहरुलाई एचपिभी खोप (पाठेघरको मुखको क्यान्सरविरुद्ध लड्ने) लगाइने भएको छ।

विश्व क्यान्सर दिवसको अवसर पारी माघ २२ गतेदेखि नेपाल भरि नै सरकारले एचपिभी खोप अभियान २०८१ सुरु गर्दैछ। सोही अभियानअर्न्तगत रुपन्देहीका १६ वटै पालिकाका कक्षा ६ देखि कक्षा १० सम्म अध्धयनरत बालिका तथा किशोरी र विद्यालय बाहिर रहेका सो उमेरका किशोरिहरुलाई उक्त खोप पनि लगाइदै छ।

जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीका प्रमुख चिन्तामणि ज्ञवालीका अनुसार रुपन्देही जिल्लामा २ चरणमा खोप लगाइदै छ । पहिलो चरणमा माघ २२ गतेदेखि २९ गतेसम्म बुटवल उपमहानगर पालिकाको १ सय वटा खोप केन्द्रबाट १० हजार ४ सय ३९ जना र सिद्धार्थनगर नगर पालिकाको ४५ वटा खोप केन्द्रबाट ४ हजार ७८ जना बालिकाहरुलाई खोप लगाइने छ। यस्तै माघ २२ गते देखि २७ गतेसम्म सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, गैंडहवा गाउँपालिका, शुद्धोधन गाउँपालिका, सियारी गाउँपालिका र मायादेवी गाउँपालिकामा खोप लगाइनेछ।

अभियानको दोश्रो चरणमा फागुन १ गते देखि ६ गतेसम्म देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका, कोटहीमाई गाउँपालिका, सम्मरीमाई गाउँपालिका र मर्चवारी गाउँपालिकामा खोप लगाइदै छ। खोप अभियान जिल्लामा ३१५ वटा सामुदायिक र ३२९ वटा संस्थागत विद्यालयमा खोप केन्द्रको स्थापना गरिएको ज्ञवालीले जानकारी दिए। विद्यालयमा रहेको खोप केन्द्रले कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत सबै छात्राहरुलाई खोप दिइने उनले बताए। विद्यालय नजाने १० देखि १४ वर्षका बालिकाको हकमा भने अन्य खोप केन्द्रहरुबाट खोप लगाइने योजना रहेको छ।

विश्वमा हरेक वर्ष ५ लाख ७० हजार महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ र २०३० सम्म यो संख्या बढेर ७ लाख पुग्ने विश्व स्वास्थ्य संगठनको अध्ययनले देखाएको छ । यसले हरेक वर्ष ३ लाख ११ हजार जना महिलाहरुको मृत्यु हुने र सन २०३० सम्म यो संख्या ४ लाखको हाराहारीमा पुग्ने छ । महिलाहरुमा पाठेघरको मुखको क्यान्सर चौथो मुख्य क्यान्सरको रुपमा रहेको विश्व स्वास्थ्य संगठनका डा. सागर तिवारीले बताए।

नेपालमा भने हरेक वर्ष २ हजार १ सय ६९ जना महिलालाई पाठेघरको क्यान्सर हुन्छ भन्ने अनुमान रहेको तिवारीले बताए। हरेक वर्ष १ हजार १ सय १३ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरकै कारण मृत्यु हुने गरेको र औसतमा प्रत्येक दिन ४ महिलाहरुको यसै रोगको कारण हुन्छ भन्ने अनुमान रहेको छ।

पाठेघरको मुखको कोषिकाहरु अनियन्त्रित, असामान्य, र अनावश्यक रुपले वृद्धि हुनु नै पाठेघरको क्यान्सर हो। विशेषतः यसको मुख्य कारण ह्युमन प्यापिलोमा भाइरसको संक्रमण हुनु हो। जसलाई एचपिभी भाइरस भनिन्छ। एचपिभी भाइरस संक्रमित व्यक्तिसँग यौन सम्पर्कबाट यो रोग अर्को व्यक्तिमा सर्छ । एचपिभी भाइरसबाट पटक-पटक संक्रमण भएर २० वर्षसम्म यो संक्रमण रह्यो भने पाठेघरको मुखको क्यान्सर हुनसक्ने तिवारी बताउँछन्।

नेपालमा महिलाहरुमा हुने क्यान्सरहरूमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको छ र क्यान्सरबाट महिलाको मृत्यु हुने यो पहिलो मुख्य कारण रहेको छ। यसको मूख्य रोकथाम भनेको नै यसको पहिचान गर्नु हो । नेपालमा आउँदो पिढीमा यो रोग हुन नदिन नै अहिले खोप अभियान सञ्चालन गर्न लागेको तिवारीले जनाए।

खोप लगाएपछि सूई लगाएको ठाउँमा दुख्ने, सुन्निने, रातो हुने असरहरु हुन सक्छन्। यस्तै गरी ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, रिँगाटा लाग्ने, मांसपेशी दुख्ने, थकाई लाग्ने, पेट दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने अवस्था आउन सक्छ, तर यस प्रकारका प्रतिकूल असरहरू थोरै समयसम्म मात्र रहन्छन् र प्रायः गरेर आफैं ठीक हुने तिवारी बताउँछन् । यसले कुनै प्रकारको हानी गर्दैन।

खोप अभियान सफल बनाउन स्थानीय तहदेखि महिला स्वास्थ्य स्वयम्सेविका समेत परिचालन गरी सचेतना फैलाउने कार्यक्रम रहेको छ। महिलाहरुमा पाठेघरकै मुखको क्यान्सरको कारण मृत्यु रोक्न सबैलाई यो अभियानमा सहयोग गर्न स्वास्थ्य कार्यालय रुपन्देहीले अपिल समेत गरेको छ।

**गुल्मीदरबार गाउँपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# सिमेन्टमा कार्टेलिङ

यो समय निर्माणको बेला हो । व्यक्तिगत घर होस् वा सडकलगायत अन्य पूर्वाधार निर्माणको काम हुने मुख्य सिजन भनेकै हिउँदमा हो । यही बेला सिमेन्टको मूल्य ७७ प्रतिशतसम्म बढेको छ । व्यवसायीहरुले सिमेन्टको मूल्यवृद्धि कार्टेलिङबाट गर्नु निन्दनीय छ । कार्टेलिङ गरेर बजारलाई आफ्नो नियन्त्रणमा लिन खोज्नु अवाञ्छित क्रियाकलाप हो ।

कार्टेलिङ भनेको एउटै क्षेत्र वा उद्योगका व्यवसायीहरूको समूहले आपसमा मिलेर मूल्य, उत्पादन, आपूर्ति वा बजार बाँडफाँट गर्ने प्रक्रियालाई जनाउँछ । उद्योगको क्षमताभन्दा थोरै उत्पादन गर्ने र सबै उद्योगले एकसाथ मूल्य बढाएर बेच्ने गरेका छन् । बजारमा वस्तु तथा सामानको मूल्य प्रतिस्पर्धाका आधारमा निर्धारण हुन्छ । बजारको माग र उत्पादन क्षमताले पनि मूल्य निर्धारण गर्छ । उत्पादकहरु मिलेर वस्तु निश्चि परिमाणमा उत्पादन गर्ने र मूल्य निर्धारण गर्ने प्रवृत्तिले प्रतिस्पर्धा नै भएन । सामान्यतः बजारले मूल्य निर्धारण गर्ने हो । तर कतिपय वस्तुहरूमा सरकारले मूल्य नियन्त्रण तथा तोक्ने काम गर्छ । खासगरी कृषि उत्पादन धान, गहुँ, उखुलगायतको न्यूनतम समर्थन मूल्य सरकारले तोक्दै आएको छ । बिचौलियाको प्रवेशले किसान मारमा परेको भन्दै सरकारले कृषि उत्पादनको मूल्य तोक्दै आएको छ ।

बजारलाई व्यवसायीहरुले सधैँ नियन्त्रणको प्रयास गर्छन् । त्यो प्रयास जिम्मेवार सरकार र सचेत उपभोक्ताले तोड्छन् । गैरव्यवसायिक क्रियाकलाप गरी बजारलाई नियन्त्रणमा लिने प्रयासका विरुद्ध अहिले सरकारले कदम चाल्नुपर्ने देखिन्छ । उपभोक्ताको आवाज पनि कमजोर भइरहेको छ । उपभोक्ता अधिकारका लागि बोल्ने संस्थाको आवाज किन बन्द भइरहेको छ ?

पहिले सिमेन्ट उद्योगले कार्टेलिङ गर्दै आएका थिए । तर होङ्सी सिमेन्टको प्रवेशपछि मूल्य उद्योगीले मिलेर होइन, प्रतिस्पर्धी बजारले निर्धारण गऱ्यो । अहिले प्रतिस्पर्धी बजारलाई नियन्त्रणमा लिने सिमेन्ट उद्यागीको प्रयासलाई विफल नबनाउने हो भने बजार व्यापारीको हातमा जानेछ, हरेक सामान तथा वस्तुमा कार्टेलिङको जोखिम छ ।

सिमेन्ट उद्योगले बढाएको मूल्यवृद्धि समायोजन हुनुपर्छ । पहलकदमी लिएर मूल्यवृद्धि कति प्रतिशत हुनुपर्ने हो, त्यसको यकिन गरी सरकारले दिशानिर्देश गर्नुपर्छ ।

# नेप्से परिसूचक र कारोबार रकम दुवैमा वृद्धि



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक र कारोबार रकम दुवैमा बुधबार उल्लेख्य सुधार देखिएको थियो । नेप्से परिसूचक ५२ दशमलव २६ अङ्कले बढेर दुई हजार छ सय ६५ दशमलव ४५ को विन्दुमा कायम भएको हो ।

तीन सय २२ कम्पनीको एक करोड ७६ लाख ९२ हजार आठ सय १९ कित्ता शेयर ९० हजार छ सय ९६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब २० करोड ३० लाख ८८ हजार तीन सय ४९ को कारोबार भएको छ । आजको कारोबारमा सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै अन्य समूह चार दशमलव २४ र लगानी समूह तीन दशमलव ८२ प्रतिशतले बढेको छ । बैंकिङ एक दशमलव ३२, विकास बैंक दुई दशमलव ७४, वित्त शून्य दशमलव ८९, होटल तथा पर्यटन दुई दशमलव ७१ र जलविद्युत् समूह दुई दशमलव ७१ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बिमा समूह एक दशमलव ८९, उत्पादन तथा प्रशोधन शून्य दशमलव शून्य आठ, लघुवित्त एक दशमलव शून्य सात, म्युचुअल फण्ड शून्य दशमलव ४९, निर्जीवन बिमा एक र व्यापार समूह दुई दशमलव ४५ प्रतिशतले बढेको छ ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य आठ दशमलव २१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ६१ करोड ३६ लाख ४८ हजार दुई सय २० बराबरको शेयर किनबेच भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको पाँच लाख ५६ हजार नौ सय दुई कित्ता शेयर खरिदबिक्री भएको छ ।

# आर्थिक योगदान गर्ने दाताहरूको संख्या बढ्दै

तिलोत्तमा । माघ ७ गतेदेखि रुपन्देही तिलोत्तमा-५ मणिग्राममा सुरु भएको महायज्ञको तेस्रो दिन आर्थिक योगदान गर्ने दाताहरुको संख्या बढ्दै गएको छ । महायज्ञमा तिलोत्तमा शाखाको स्तरोन्नति र अक्षयकोष श्रीवृद्धिका लागि मनकारी दाताहरुले दान गरेर सहयोग प्रदान गरिरहेका छन् । महायज्ञमा प्रसिद्ध कथा वाचक भागवत् भाष्कर कमलनयन गौतमले महायज्ञमा निःशुल्क कथा वाचन गरिरहेका छन् ।

बुधबार महायज्ञको तेस्रो दिन बुटवल उप-महानगरपालिका-९ निवासी आश्रमका अभिभावक द्वय लोकनाथ भुसाल र आशा शर्माले आश्रमको भवन स्तरोन्नतिका लागि ५ लाख ५ हजार ५ सय १५ रुपैयाँ दान गरेका छन् । त्यस्तै तिलोत्तमा नगरपालिका-५ मणिग्राम निवासी श्यामकला पाण्डे र पुरूषोत्तम पाण्डेले महायज्ञमा ५१ हजार १ सय रुपैयाँ, वर्षा भुसालले २२ हजार २ सय ७९ रुपैयाँ दान गरेका थिए ।

तिलोत्तमा नगरपालिका -८ निवासी चिन्तामणी चालिसेद्वारा भवनको स्तरोन्नतिको लागि २१ हजार १० रुपैयाँ दान गरेका छन् । यस्तै तिलोत्तमा नगरपालिका-५ मणिग्राम निवासी टीकाराम भण्डारी एन्ड न्यू दुर्गा फेन्सीले भवन स्तरोन्नतिका लागि १६ हजार १ सय २५ रुपैयाँ र अक्षयकोष सहयोगार्थ १७ हजार १ सय २५ रुपैयाँ दान गरेका हुन् ।

शिवशक्ति आमा समूहद्वारा भवन निर्माणका लागि १८ हजार ६ सय योगदान भएको छ । तिलोत्तमा-१ निवासी पूर्णकला खत्री र ओमकुमारी खत्रीले ११ हजार १ सय ११ रुपैयाँ र पूर्णकला पाण्डेले ११ हजार ११ रुपैयाँ महायज्ञमा दान दिएका छन् ।

त्यस्तै धनगढी निवासी चन्द्रादेवी पनेरूले स्वर्गीय पति जगतनाथ पनेरूको स्मृतिमा भवन स्तरोन्नतिमा सहयोग गर्ने उद्देश्यले ५ हजार ५ सय ५५ रुपैयाँ दान दिएकी छिन् । तिलोत्तमा-५ मणिग्राम निवासी भिमा भण्डारी र यज्ञ भण्डारीले ५ हजार ५ रुपैयाँ दान गरेका छन् । जानुका गैरे बस्यालले ५ हजार ५ सय ५५ रुपैयाँ दान गर्नुभएको हो । यसैगरी तिलोत्तमा १ निवासी गीता घिमिरेले ५ हजार १ सय १० रुपैयाँ, कल्पना रोक्काले ५ हजार ५ सय रुपैयाँ र पवित्रा गौतमले २ हजार ५ सय ५ रुपैयाँ दान गरेका थिए ।

महायज्ञमा प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म सञ्चालन भैरहेको योग शिविरमा ललित शंकर योगीले प्रशिक्षण गरिरहेका छन् भने बुधबार ८ बजेदेखि १० बजेसम्म विद्यार्थीहरूको माझ आश्रमले आयोजना गरेको सकारात्मक सोच तथा मानवता प्रवर्द्धन प्रेरणादायी कार्यक्रमअन्तर्गत रमन भट्टराईले सहजिकरण गरेका थिए । जसमा श्री जनता माध्यमिक विद्यालय, श्री जनज्योति माध्यमिक विद्यालय, तिलोत्तमा कलेज र गिर्वाण सरस्वती संस्कृति तथा साधारण माध्यमिक विद्यालयका विद्यालयहरूसँगै शिक्षकहरूको समेत उपस्थिति रहेको थियो ।

मानवसेवा आश्रमले लुम्बिनी प्रदेशअन्तरगत रुपन्देहीको तिलोत्तमा शाखाको स्तरोन्नति र अक्षयकोष श्रीवृद्धिका लागि श्रीमद् भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञको आयोजना गरेको हो । रुपन्देहीको तिलोत्तमा-५ मणिग्राम (प्रदर्शनी हुने स्थान)मा सोमबारदेखि सुरु भएको महायज्ञ माघ १४ गतेसम्म सञ्चालन हुनेछ ।

Gandaki ProvincialGovernment
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

## Infrastructure Development Office

Nawalaparasi (BardaghatSusta East)

# Invitation for Bids

Date of publication: 2081-10-10 BS

Infrastructure Development Office, Nawalparasi (BardaghatSusta East) invites online bidsonlyunder e-procurement system from eligible bidders for the construction of Projects mentioned below underNational Competitive Bidding/Sealed EnvelopeSingle Stage Single Envelopeprocedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Last date of bids ubmission | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | SPM tole Ilaka Prahari karalya dekhi Woda no 5 ko simana samma dubai tarfa dhalbal bebasthapan sahid sadak maramt tatha Namaste marga starunnati , Gaindakot 2 | IDO-NAW (BSE)-W-NCB-39-2081/82 | 25,33,612.48 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 2 | Upgrading of different road of Kawasoti Municipality 15, 3 &hupsekot 1 | IDO-NAW (BSE)-W-NCB-40-2081/82 | 1,01,27,749.83 | 3000 | 2081-11-12 12:00 PM | 2,57,000 |
| 3 | Birendra Aadharbhut Bidhyalaya dekhi Kori Jane Sadak, Gaindakot | IDO-NAW (BSE)-W-NCB -41-2081/82 | 25,27,589.21 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 4 | Congress chowk dekhi Jayshree KholaNala Nirman, Gaindakot 4 | IDO-NAW (BSE)-W-NCB -42-2081/82 | 25,26,905.98 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 5 | Faram chautara marga nalanirman ko faram sahait kalopatre, Devchuli 17 | IDO-NAW (BSE)-W-NCB-43-2081/82 | 25,29,745.45 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 6 | Murung pahuna ghar paschim pachkattha sadak starunnati, kawasoti 5 | IDO-NAW (BSE)-W-NCB 44-2081/82 | 25,33,485.94 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 7 | Ram singh chok dekhi kawasoti 13 hegauli jane bato starunnati, kawasoti 7 | IDO-NAW (BSE)-W-NCB -45-2081/82 | 25,32,930.72 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 8 | Samabesi chok dekhi Nilbahadur ko ghar ko chok hudai naba durga chok samma jane bato starunnati, kawasoti-9 | IDO-NAW (BSE)-W-NCB -46-2081/82 | 42,21,338.60 | 3000 | 2081-11-12 12:00 PM | 1,08,000 |
| 9 | Rajahar Baharakol Sadak, Devchuli 17 | IDO-NAW (BSE)-W-NCB -47-2081/82 | 25,10,261.75 | 3000 | 2081-11-12 12:00 PM | 65,000 |
| 10 | Maharaja marga (Gumba chowk dekhi uttar tarfa ko 5 no ward karyalaya hudai thakuri chowk samma) starunnati, Kawasoti 5 | IDO-NAW (BSE)-W-NCB -48-2081/82 | 84,40,371.54 | 3000 | 2081-11-12 12:00 PM | 2,15,000 |
| 11 | Maski pashal-paschim dokkhola sadak Devchuli-9, Nawalpur | IDO-NAW (BSE)-W-SQ -03-2081/82 | 12,65,067.09 | 1000 | 2081-10-25 12:00 PM | 33,000 |
| 12 | Kumarwarti Campus ko Bhawan Marmat Sambhar | IDO-NAW (BSE)-W-SQ -04-2081/82 | 16,87,364.16 | 1000 | 2081-10-25 12:00 PM | 43,000 |
| 13 | Kahare-Singhtari-Kalighat-kharsan-Gurutardevi sthan keramtar, Boudikalika, Nawalpur | IDO-NAW (BSE)-W-SQ -05-2081/82 | 12,64,113.57 | 1000 | 2081-10-25 12:00 PM | 33,000 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:-Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi( BardaghatSusta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229

# नौमती बाजा बजाउन आमा समूहलाई भ्याइनभ्याइ



दाङ । दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ स्थित जनचेतना आमा समूहको नौमती बाजा दाङमा मात्रै होइन, आजभोलि बुटवलसम्म पनि माग हुने गर्दछ ।

विवाह, व्रतबन्ध, पूजाआजाका धेरैजसो कार्यक्रममा आमा समूहको गाजाबाजाको टोली पुग्न थालेका छन् ।

गएको मङ्सिर महिनामा मात्रै ३० भन्दा बढी यस्ता कार्यक्रममा पुगेर बाजा बजाएको अध्यक्ष कस्तुरा खड्काले बताइन ।

पुसमा पनि राजनीतिक दलका कार्यक्रम र अन्य सार्वजनिक कार्यक्रममा बाजाको माग भएको उनले बताइन । "पहिले-पहिले गाह्रो थियो, अहिले त ठाउँठाउँबाट हाम्रो माग भइरहेको छ । आम्दानी पनि ठीकै भएको छ ।" -उनले भनिन् ।

एउटा कार्यक्रमको रु आठ हजारदेखि २५ हजारसम्म लिने गरेको उनले जानकारी दिइन । कति समयसम्म बजाउने हो, त्यसका आधारमा भाडा लिने गरेको उनको भनाइ छ । पछिल्लो समय यस्ता बाजा लोप हुन थालेपछि आफूहरुले बाजाको संरक्षण पनि हुने, रोजगारी पनि हुने सोचेर यस पेसामा लागेको पनि अध्यक्ष खड्काले बताइन ।

"पहिले गाउँमा विवाह, व्रतबन्ध हुँदा नौमती बाजा बज्थे", उनले भनिन्-"तर, पछिल्लो समय बज्न छोडे, त्यसैले हामीले यसलाई संरक्षण गर्नका लागि यो काम थालेका हौं ।" समूहले २०७९ सालको तिहारमा भैलो खेलेर सङ्कलन भएको रु एक लाख ४० हजारले बाद्य सामग्री खरिद गरेको हो । यस समूहमा ब्राह्मण, मगर, क्षेत्री समुदायका २५ जनाभन्दा बढी महिला आबद्ध छन् ।

पञ्चेबाजा संरक्षणलाई दिगो बनाउन पनि अब आमा समूहको एउटा भवन आवश्यक परेको अध्यक्ष खड्काले बताइन । 'भवन निर्माणका लागि सरकारबाट सहयोगको अपेक्षा गर्दै माग गरिरहेका छौं ।'- उनले भनिन् । पञ्चेबाजा बजाउने मात्रै नभई उक्त समूहले सामाजिक कार्य पनि गर्दै आएको छ । गाउँमा कसैको झैझगडा भएमा त्यो पनि मिलाउने गरेको अध्यक्ष खड्काको भनाइ छ ।

"गाउँमा झगडा भएमा मिलाइदिनु पर्‍यो भन्दै खासगरी दिदीबहिनीहरु आउनुहुन्छ", उनले भनिन्-"त्यस्ता झैझगडा पनि मिलाउने गरेका छौं ।" घरहरुमा रङरोगन गर्ने, विवाहमा खाना खुवाउनेजस्ता कार्य पनि यस आमा समूहले गर्दै आएको छ ।

सधैँ चुलोचौकोमा सीमित हुने महिला पनि सामाजिक रुपमा सशक्त छन् भन्ने सन्देश दिन आफूहरुले यो कार्य गरेको उनको भनाइ छ ।

# सडकका कारण होटल र पर्यटन व्यवसायमा असर

रामकुमार श्रेष्ठ
*नवलपुर*

नवलपुरमा फस्टाउँदै गरेको होटल तथा पर्यटन व्यवसाय पूर्वपश्चिम राजमार्गकै कारण अहिले थलामा परेको छ । पूर्वपश्चिम राजमार्ग सडक विस्तारको कारण सडक अस्तव्यस्त भएका कारण यहाँका अरु क्षेत्रलाई जस्तै होटल तथा पर्यटन व्यवसायलाई पनि असर पारेको छ ।

पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्ड विस्तारपछि नवलपुरमा हरेक क्षेत्रमा आर्थिक चलायमान हुने अपेक्षा गरिएको थियो, तर सम्झौताअनुसार समयमै विस्तारको काम नसक्दा त्यसले नवलपुरका अन्य क्षेत्रलाई जस्तै होटल तथा पर्यटन व्यवसायलाई पनि थिलो थिलो पारेको छ ।

सडक बेलैमा नसक्दा यात्रामा भएको कठिनाइका कारण अहिले यहाँ आउने पर्यटक ह्वात्तै घटेको छ भने नवलपुर जिल्लामा रहेका होटलहरु मध्ये आधा बन्द भएको होटल व्यवसायी संघ नवलपुरका अध्यक्ष सन्तोष राना मगरले बताए ।

नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सुराम महतोले नेपालको अन्य जिल्लामा आएका आन्तरिक तथा बाह्य पर्यटकको तुलनामा नवलपुरमा पर्यटकको संख्या ह्वात्तै घटेको बताए ।

पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्ड विस्तार कार्य नसकिएका कारण भएको खाल्डा खुल्टी र अप्ठेरा बाटोहरुका कारण नेपाल आएका बाह्य पर्यटक तथा आन्तरिक पर्यटकहरु नारायणगढ र बुटवलबाट अनेत्र लाग्ने गरेको उनले जनाए ।

कोभिड संक्रमणकालमा भएको लकडाउनको बेलाभन्दा अहिले यहाँको होटल तथा पर्यटन व्यवसायीको अवस्था खराब रहेको होम स्टे महासंघ गण्डकी प्रदेशका अध्यक्ष धनिराम गुरौले बताए । नवलपुरमा जुन संख्यामा पर्यटक भित्र्याउन सकिने अवस्था हो, त्योअनुसार पर्यटक अहिले नवलपुर भित्र्याउन नसकिएको उनले बताए ।

२०७५ चैत ८ मा सुरु भएको पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सकड खण्ड विस्तारको काम २०७९ साउन २२ भित्र सकिसक्नु पर्नेमा पटक-पटक म्याद थप गरेर पनि अहिलेसम्म ५४ प्रतिशतको हाराहारीमा मात्रै काम भएको छ । जसले गर्दा २ घण्टामा पार गर्न सकिने बुटवल-नारायणगढ सडक खण्ड अहिले ६ घण्टा भन्दा बढी लाग्ने गर्दछ ।

# हकदाबी सम्बन्धी लिक्विडेटर कार्यालयको ३५ दिने सूचना

मिति २०६५/०९/०२ गते दर्ता नं. ५८६११ मा दर्ता भएको युनाइटेड नेसनल हस्पिटल प्रा.लि. को मिति २०८१/०९/२९ मा सम्पन्न विशेष साधारण सभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम उक्त कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको बाँकी बक्यौता भुक्तानी लिन रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिक्विडेटरको कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको लिक्विडेसन गरिने व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

**लिक्विडेटर: मनोज भुसाल (लिक्विडेटर इजाजत पत्र नं. ६२०)**
**ठेगाना: बुटवल-०४, रुपन्देही (सम्पर्क नं. ९८५७०३२१०२)**

# कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

मिति २०७९/०४/१३ गते दर्ता नं. २९४८५१ मा दर्ता भएको टायल्स संसारप्रा.लि.को मिति २०८१/०५/२८ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ को निर्णय अनुसार कम्पनीको सम्पुर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम बाथवेयर संसार प्रा.लि. (Bathware Sansar Pvt. Ltd.) कायम गरिएकोले सोहि व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिक को कार्यालय
चोरमारा,नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८१/१०/१०**

यस कार्यालयबाट मिति २०८१/०९/१९ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका खरिद कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर बाहेक ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 4/NCB/MB/GOODS/2081/82, Procurement Of Combine Harvester with Trailer | Muktinath Krishi Company, Kathmandu-03, Basundhara | 37,40,000.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# लुम्बिनी प्रदेश सरकार
## सूचना तथा संचार प्रविधि प्रतिष्ठान
बुटवल, नेपाल

## INVITATION FOR BID

**Notice No. 02/2081/082** **Re Published date: 23 Jan 2025**

Suchana Tatha Sanchar Prawidhi Pratisthan Lumbini Pradesh Butwal invites Request for bid from interested and eligible national bidders for supply, Delivery laptops and electronic device.

| SN | Project Id | Name of Project | Cost of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | ICTP-2081/082-01 | Procurement of Laptops and electronic device | NPR 1,000/- | NPR 25,000/- |

For further information, please contact or visit office website https://ictp.lumbini.gov.np.

**Executive Director**

# सिमेन्टमा मूल्य बढ्नुको कारण पेस गर्न लेखा समितिको निर्देशन

काठमाडौँ । सङ्घीय संसद् प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले सिमेन्टको मूल्य बढेको विषयमा विस्तृत अध्ययन गरी सात दिनभित्र कारण पेस गर्न सरकारलाई निर्देशन दिएको छ ।

लेखा समितिको बुधबारको बैठकको निर्णय सुनाउँदै सभापति ऋषिकेशपोखरेलले भने-"सिमेन्टको मूल्यवृद्धिले निर्माणको लागत

समेत बढेको तथा यस्तो मूल्यवृद्धि अस्वभाविक देखिएकाले सम्बन्धित मन्त्रालयले हस्तक्षेप गर्नुपर्ने देखिन्छ । के कति कारणले मूल्य बढेको हो भनेर अध्ययन विश्लेषण गरी सात दिनभित्र पेस गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई यो समिति निर्देशन गर्दछ ।"

त्यस्तै उपभोग्य वस्तुमा मूल्य निर्धारण प्रणाली विकास गरी कार्यान्वयन ल्याउन पनि समितिले निर्देशन दिएको छ । उद्योगमा अहिले पनि १२ घण्टासम्म लोडसेडिङ भएको भन्ने गुनासो समितिमा आएको उल्लेख गर्दै सभापति पोखरेलले उद्योगमा के कति लोडसेडिङ छ भनेर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग पनि जवाफ माग गर्ने निर्णय भएको बताए । समितिले आज सिमेन्टको मूल्य बढेको विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल निर्माण व्यवसायी महासङ्घ र सिमेन्ट उत्पादक सङ्घसँग छलफल गरेको थियो ।

# Tilottama Municipality
## Office of Municipal Executive
**Kunjalapur, Manigram,Rupandehi**

**Date of Publication: 2081/10/10**

## Invitation for Only Electronic Bids/Seal Quotations

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

| S.N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Ward No 04 Boundary and Sabha Hall Nirman Karya, Tilottama04, Rupandehi | NCB/TM/W/44/081/82 | 3,411,549.0 | 3,000/- | 88,000.00 | 31st day for NCB and 16th day for SQ from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive, Manigram,Rupandehi |
| 2 | Ward No 8 Boundary and Sabha Hall Nirman Karya, Tilottama08, Rupandehi | NCB/TM/W/45/081/82 | 2,924,632.0 | 3,000/- | 75,000.00 | | Account Details. |
| 3 | Ward No 13 and 14 Compound Wall Nirman Yojana, Tilottama13, 14 , Rupandehi | SQ/TM/W/46/081/82 | 1,999,756.0 | 1,000/- | 50,000.00 | | NIC Asia Bank, Manigram, Rupandehi |
| 4 | Ward No 16 ma Sabhahall Nirmad tatha Mato patan Karya, Tilottama-16, Rupandehi<br>Mukunda pandey ko Ghar Aghadi Dekhi Purano sadak Transformer samma Sadak Nirman Yojana, Babhani Tol, Tilottama-13, Rupandehi | NCB/TM/W/47/081/82<br>NCB/TM/W/18/081/82 | 3,413,142.0<br>9,749,757.3 | 3,000/-<br>3,000/- | 88,000.00 | | Rajaswa (Revenue) Khata no:- 1052055499599012,<br>Office Code :- 801054802 |
| 5 | Ward Karyalay Compound Wall, Karyalay Bhitra Marmat tatha Truss Nirman and Simanagar Swasthya Chaukima railing Jadan, Tilottama-03, Rupandehi (Re bidding)<br>Sajha path Staronnati, Tilottama-4, Rupandehi<br>Shree Siddhartha Aadharbhut School Building Works, Tilottama-01, Rupandehi<br>Shree Sagarmatha Aadharbhut School Building Works, Tilottama-03, Rupandehi<br>Shree Balbikas Aadharbhut School Building Works, Tilottama-17, Rupandehi | SQTM/W/35/081/82<br>NCB/TM/W/20/081/82<br>NCB/TM/W/21/081/82<br>NCB/TM/W/22/081/82<br>NCB/TM/W/23/081/82 | 1,420,448.0<br>2,927,429.0<br>7,745,951.0<br>6,699,762.5<br>7,744,057.5 | 1,000/- | 37,000.00<br>75,000/-<br>2,00,000/-<br>1,75,000/-<br>2,00,000/- | | Dharauti Khata no:- A5CA 549959952403 |
| 6 | Ward No 10 Compound Wall, Bijay path Sadak dhalan and Sirjana path nali sahit sadak dhalan, bewara, Tilottama-10, Rupandehi (Re bidding) | SQ/TM/W/36/081/82 | 1,662,424.0 | 1,000/- | 43,000.00 | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4 Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

रूपन्देही सुपरलिगः

# जेआर क्रिकेट क्लबलाई सफलता




भैरहवा। सन्दीप जोराको अलराउण्ड प्रदर्शनमा भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको बुधबारको खेलमा जेआर क्रिकेट क्लबले प्रोफेसनल माष्टर्स-११ माथि सहज जित निकालेको छ। जेआरले प्रोफेसनललाई ५ विकेटले पराजित गर्दै जित हात पारेको हो।

रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले निर्धारित ३७ ओभरमा ३० ओभर खेल्दै सबै विकेट गुमाएर १ सय १८ रनको सामान्य लक्ष्य प्रस्तुत गर्यो। उसका लागि ड्रस सुनार र मोहम्मद हुसेनले समान २१, इमरान खानले १७, करण साहनीले १५ र अख्तर हुसेनले १४ रन बनाए। बलिङमा जेआरका आषिश भट्टराई र विनय जिसीले ३-३ तथा कुशल भूर्तेल, सागर गिरी, सन्दीप जोरा र विमल भुसालले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको जेआरले २३ ओभर ४ बलमा ५ विकेट गुमाएर १ सय २२ रन बनाउँदै सहज जित निकाल्यो। उसको जितमा सन्दीप जोराले अविजित ६२ रनको अर्धशतकीय पारी खेले। यस्तै, अनमोल थापाले २०, सुलभ चौधरीले नटआउट १४ र कुशल भूर्तेलले ११ रनको योगदान गरे। बलिङमा प्रोफेसनलका कृष्ण पराजुली र अख्तर हुसेनले २-२ तथा करण साहनीले १ विकेट लिए। खेलमा सन्दीप जोरा प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताए।

# वन्यजन्तुको आक्रमणमा एक महिलाको मृत्यु

जानकी (बाँके)। वन्यजन्तुको आक्रमणबाट यहाँको राप्तीसोनारी गाउँपालिका- ८ ओभरीका ६७ वर्षीया चेती बुढाथोकीको ज्यान गएको छ।

शम्शेरगञ्ज सबडिभिजन कार्यालयका वरिष्ठ वन अधिकृत मनोज शर्माका अनुसार आज भवती सामुदायिक वनमा दाउरा काट्न गएकी बुढाथोकीलाई वन्यजन्तुले आक्रमण गरी मारेको हुनसक्ने अनुमान गरिएको छ।

"मृतकको टाउको नै नभएको अवस्थामा फेला परेको हुनाले हामीले बाघ वा चितुवामध्ये कुनै एक वन्यजन्तुले मारेको हुनसक्ने आशङ्का गरेका छौँ", उनले भने-"मृतक चेतीलाई वन्यजन्तुले आक्रमण गर्दै गरेको कसैले नदेखेको हुनाले ठ्याक्कै बाघले नै मारेको भन्न सकिँदैन वा चितुवाले नै मारेको भन्न सकिँदैन। यसको फरेन्सिक जाँच भयो भने मात्र हामीले तथ्यका आधारमा भन्न सक्छौँ।"

वरिष्ठ वन अधिकृत शर्माका अनुसार बुधबार दिउँसो ३ बजेको समयमा पूर्वपश्चिम राजमार्गदेखि एक किमी पूर्वी भागमा लतारिएको अवस्थामा मृतक चेतीको शव भेटिएको थियो।

# रामग्रामदेखि लुम्बिनीसम्म विद्युतीय बस सञ्चालन



नवलपरासी। लुम्बिनी विकास कोषले गौतम बुद्धको अस्तुधातु रहेको रामग्रामबाट लुम्बिनीसम्म बुधबारदेखि विद्युतीय बस सञ्चालन सुरु गरेको छ। गत पुस ४ गतेदेखि सञ्चालन सुरु गरिएको बिजुली बसलाई बृहत्तर लुम्बिनी क्षेत्रका तीर्थयात्रुहरुको सेवालाई लक्षित गरी रामग्रामबाट लुम्बिनीका लागि बस सञ्चालन सुरु गरिएको हो।

बुधबार लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई(सिद्धिचरण), रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले बसमा सवार भएर सेवा सञ्चालन गरेका थिए। कोषले बृहत्तर लुम्बिनी क्षेत्रका पर्यटकहरुलाई सेवा दिने उद्देश्यले अनुदानमा प्राप्त गरेको विद्युतीय बस कानुनी उल्झनका कारण सञ्चालन हुन सकेको थिएन।

कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण)ले सेतो नम्बर प्लेटका कारण बस सेवा सञ्चालन गर्न नसकेको अवस्थामा सबैको गुनासो आएपछि दानपेटिका राखेर परीक्षण स्वरुप बस सञ्चालन गरिएको बताए। उनले रामग्राम र बुद्धजन्मस्थल लुम्बिनी जोड्नका लागि हप्ताको तीन दिन विद्युतीय बस सञ्चालन गरिएको र भविष्यमा दैनिक एक वटा बस सञ्चालन गर्ने योजना रहेको जनाए।

यस्तै रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले आफूहरुले लामो समयदेखि विद्युतीय बस सञ्चालनका लागि माग गरेकोमा त्यसको सुरुवात भएको बताए। उनले रामग्राम र लुम्बिनी जोड्नका लागि विद्युतीय बसले ठूलो भूमिका खेल्ने बताए। उनले बिजुली बस नियमित सञ्चालनका लागि आवश्यक वातावरण बनाउन स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग हुने प्रतिबद्धता जनाए। रामग्रामबाट लुम्बिनीका लागि हप्ताका तीन दिन सोमबार, बुधबार र शुक्रबार बिहान ९ बजे बस चल्नेछन्।

रामग्राम स्तुपबाट बुद्धचौक, परासी बजार, धकधई, बेलहिया भैरहवाको देवकोटा चौक, बुद्धचोक हुँदै एयरपोर्टबाट लुम्बिनी बस चल्ने गरी रुट मिलाइएको कोषका देवदह कार्यालयका प्रमुख दामोदर सापकोटाले बताए। उनका अनुसार देवदह र रामग्राममा शनिबारलाई आलोपालो गरी रुट बनाइने छ। लुम्बिनीदेखि सिधा बस सञ्चालन भएपछि रामग्राम आउने तीर्थयात्रुहरुलाई सहजता हुनेछ। बसमा सवारहरुले स्वेच्छिक रुपमा दानपेटिकामा सहयोग गर्न सक्नेछन्, तर, कोषले भाडा वापत भने शुल्क लिनेछैन।

बस शुभारम्भमा रामग्राम नगरपालिकाका उपप्रमुख सम्झना चौधरी, रामग्राम वडा न. ७ का वडाध्यक्ष रविन्द्र यादव, नेपाल पत्रकार महासंघ नवलपरासी (पश्चिम) का अध्यक्ष केशव पराजुली, रामग्राम विकास कोषका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो। लुम्बिनी विकास कोषले कानुनी उल्झनका कारण सञ्चालन गर्न नसकेका ५ वटा मध्ये २ वटा बस धम्मयात्रा लेखेर पुस ३ गतेदेखि परीक्षण स्वरुप सञ्चालन गरिएको छ।

एसियाली विकास बैंकको अनुदान सहयोगमा ५ वटा बस र १४ वटा विद्युतीय भ्यान संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७९ साल जेठ १२ गते हस्तान्तरण गरेको थियो।

दर्ता नं. : ११८१५९/२०७०/०७१
इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.
Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देही (भैरहवा)
फोन नं. ०७१-५७११२६/५७११२८

## दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/१०/१०)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८१/१०/०३ गते विहीबार दिउँसो ३:१५ बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको २२९औं बैठकको निर्णय अनुसार देहायका, मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१) सभा हुने मिति , समय र स्थान :**

**मिति** : २०८१ साल माघ २६ गते शनिबार, (तद्नुसार 8th February,2025)

**समय** : बिहानको १०:०० बजे,

**स्थान : होटल सनस्टार इन्टरनेशनल प्रा.लि. रुपन्देही (भैरहवा)।**

**२) छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८०/०८१ को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व.२०८०/०८१ को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।

४. संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने।

**ख) विशेष प्रस्तावहरुः**

१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**दशौं साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/१०/१५ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१/१०/१४ गते सम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य साथमा लिई आउनुहुन अनुरोध छ।

३. वार्षिक साधारण सभामा सहभागी हुन ईच्छुक शेयरधनीहरुले भौतिक रुपमा उपस्थितिको हकमा मिति २०८१/१०/२४गते बिहीबार भित्र तथा भिडियो कन्फ्रेन्सको मार्फत उपस्थिति जनाउन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै आफ्नो नाम तथा शेयरधनी नं.वा डिम्याट नं. यस संस्थाको टेलिफोन नं. ०७१-५७११२६/५७११२८ मा सम्पर्क गरि टिपाउनु हुन अनुरोध छ।

४. भिडियो कन्फ्रेन्सको मार्फतबाट उपस्थित हुनको लागि यस संस्थाको वेबसाईट www.unnatislbs.com.np मा लिन्क राखिनेछ।

५. सभा शुरु हुनु भन्दा १५ मिनेट अगाडि भिडियो कन्फ्रेन्स खुल्ला गरिनेछ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ९ :०० बजे देखि खुल्ला रहनेछ।

७. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ। उल्लेखित विवरण वित्तीय संस्थाको वेबसाईट ठेगाना www.unnatislbs.com.np मार्फत हेर्न सक्नुहुनेछ। सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि.नम्बर, आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

८. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८१ साल माघ २४ गते विहानको १०:०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका- १२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ।

९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी भिडियो कन्फ्रेन्स मार्फत उपस्थित भएमा दिइएको प्रोक्सी स्वतः वदर हुनेछ।

१०. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन।

११. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ।

१२. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ।

१३. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ।

१५. यस वित्तीय संस्थाको संचालक पदमा नियुक्त हुनका लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० कित्ता सेयर धारणा गरेको हुनु पर्नेछ। संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४(चार) तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २(दुई) जना संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सर्म्पक कार्यालयमा प्रकाशित गरे बमोजिम हुनेछ।

१६. संचालक पदमा उम्मेदवार हुन योग्यता पुगेको ईच्छुक शेयरधनीले वित्तीय संस्थाको "निर्वाचन नियमावली २०७२"को अनुसूची ४ मा तोकिए बमोजिमको ढाँचामा स्वंयले दस्तखत गरी निर्वाचन तालिकामा तोकिएको मिति भित्र निर्वाचन अधिकृत समक्ष मनोनयन पत्र दाखिला गर्नु पर्नेछ। मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय वित्तीय संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर न.पा. १२, भैरहवा मा उपलब्ध हुनेछ।

१७. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका -१२, भैरहवा रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ।

मालिका गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

अनुरोधक :
मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५२०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com